# मुक्तिनाथ दर्पण

## अर्धवार्षिक बुलेटिन

२०८२ माघ । वर्ष १४ । अंक १ (डिजिटल अंक)


**यस भित्र...**




### गरिमा, शक्ति र बैंकिङ उत्कृष्टताको यात्रा



**बिन्जु दाहाल**
शाखा प्रबन्धक
मुख्य शाखा, लाजिम्पाट

सिक्न सधैं तयार रहनुहोस्, आत्मविश्वासका साथ आफूलाई प्रस्तुत गर्नुहोस् र शंकालाई कहिल्यै आफ्नो सम्भावनाको सीमाना बन्न नदिनुहोस्। चुनौतीहरु अवश्य आउनेछन्, तर सहनशीलता र इमानदारीले सधैं ढोका खोल्छन्।

बाँकी पृष्ठ १२ मा...

### मुक्तिनाथ विकास बैंकद्वारा सहकारी संस्था मार्फत कृषि प्रवर्द्धन



### मुक्तिनाथ आर्ट प्रतियोगिता

"युवा पुस्तासँग बैंकलाई जोड्ने सिर्जनात्मक पहल"




*Editorial Advisor: Mr. Govinda Bahadur Raut | Editorial Management: Ms. Namrata Gautam*

# सहकारी संस्थाहरू मार्फत कृषि प्रवर्द्धन तथा कृषक सशक्तिकरण



मुक्तिनाथ विकास बैंकले कृषि क्षेत्रलाई प्राथमिकतामा राख्दै आएको छ । नेपाल राष्ट्र बैंकको नीति अनुसार बैंकहरुले थोक कर्जा मार्फत कृषि तथा पशुपालन क्षेत्रमा लगानी गर्न सक्ने व्यवस्था छ । यही व्यवस्थालाई आत्मसात् गर्दै मुक्तिनाथ विकास बैंकले उत्पादनसंग जोडिएका सहकारी संस्थाहरु मार्फत लगानी विस्तार गर्दै आइरहेको छ ।

बैंकले विशेष गरी ग्रामीण क्षेत्रमा रही बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरु वाहेक कृषि तथा पशुपालन क्षेत्रमा केन्द्रित रही कार्य गर्दै आइरहेको सहकारी संस्था मार्फत नेपाल राष्ट्र बैंकको नीति भित्र रही थोक कर्जा लगानी गर्दै आइरहेको छ ।

बैंकले यस्तो कर्जा सहकारी संस्थाहरुको क्षमता, व्यवसाय योजना र संभावनाको आधारमा अधिकतम रु. ५ करोडसम्म लगानी गर्दछ । सहकारी संस्थाहरुले आफ्नो शेयर सदस्यहरुलाई प्रति व्यक्ति रु. ५ लाख नबढ्ने गरी समूहगत आधारमा कृषि तथा पशुपालन क्षेत्रमा लगानी गर्नु पर्ने प्रावधान रहेको छ ।

बैंकले यसरी कर्जा प्रदान गर्न थाले पछि ग्रामीण क्षेत्रमा रहेको सहकारी संस्थाहरुको संस्थागत विकास हुनुको साथै बैंकिङ्ग पहुँचदेखि टाढा रहेका सहकारी संस्थाका सदस्यहरु संस्था मार्फत लाभान्वित भएका छन् । पूँजीको सहजताले कृषि पेशा तर्फ घट्दै गइरहेको वितृष्णामा पुन: आशा जगाएको छ ।

### स्थलगत अवलोकन र अन्तर्क्रिया

बैंकले लगानी गरेको रकमबाट सहकारी मार्फत किसानहरु प्रत्यक्ष रुपमा लाभान्वित हुँदै आएको उदाहरणहरु देखिएको छ । स्थलगत अवलोकनका क्रममा साना किसानहरुले सहकारीबाट ऋण लिएर विभिन्न कृषि उत्पादनमा संलग्न भएको पाइएको छ । यी सहकारीहरुले पशुपालन, दुग्ध तथा डेरी, तरकारी खेती, बीउ उत्पादन लगायत विविध कृषि गतिविधिहरु सञ्चालन गरेका छन् । यसले एकातिर उत्पादन बृद्धि गरेको छ भने अर्को तर्फ रोजगारी सिर्जना गरेको छ ।

अन्तर्क्रियाका क्रममा बैंकले किसानका समस्या, आवश्यकता र चुनौतीहरु सुन्ने अवसर प्राप्त गरेको थियो। मुक्तिनाथ विकास बैंकले कृषि क्षेत्रलाई टेवा पुर्‍याउने उद्देश्यले गरेको लगानी र योगदान किसानहरुका लागि सहयोगी सावित भएको छ।

### सहकारीको भूमिका र महत्व

सहकारीमार्फत सदस्यहरु सामूहिक रुपमा मिलेर आर्थिक, पारिवारिक तथा सामाजिक अवस्था उकास्न प्रयासरत हुन्छन्। करिब समान आर्थिक अवस्था, रुचि र आवश्यकता भएका, वा एउटै भौगोलिक क्षेत्रमा बसोबास गर्ने व्यक्तिहरु सहकारीमा आवद्ध भएका छन्।

उनीहरुले आपसी हितका लागि आर्थिक कारोबारदेखि औद्योगीकरणसम्मका गतिविधि सञ्चालन गरेका छन्। किसान, मजदुर, साना पूँजी भएका व्यवसायी तथा उपभोक्ताहरुले सामूहिक रुपमा उत्पादन, वितरण र उपभोगको व्यवस्था गर्दै पूँजी र श्रमको बाँडफाँड गर्छन्। यही सामूहिक शक्ति र विश्वसनीयताका कारण मुक्तिनाथ विकास बैंकले सहकारीलाई प्राथमिकतामा राख्दै सहकार्य गरिरहेको छ।



### थोक कर्जा, मापदण्ड र अनुगमन

ग्रामीण भेगलाई आफ्नो कर्म क्षेत्र बनाएका, शुसासन र पारदर्शिता अपनाएका अफ्नो व्यवसाय योजनामा प्रतिवद्ध देखिएका, कृषि, पशुपंछी, माछा पालन वा कृषि उत्पादन र प्रशोधनमा संलग्न बचत तथा ऋण सहकारी बाहेकका संस्थाहरुसंग बैंकले सहकार्य गर्दछ ।

बैंकले प्रदान गरेको थोक कर्जालाई सहकारी संस्थाहरुले स्थानीय स्तरमा प्रभावकारी रुपमा परिचालन गर्छन्। सो कर्जाको नियमित अनुगमन नजिकका शाखा कार्यालयमार्फत गरिन्छ। थोक कर्जा प्रवाह गर्दा बैंकले स्पष्ट मापदण्ड तय गरेको छ, जसले असल र सक्षम सहकारीको छनोट गर्न सहयोग गर्दछ।

### कर्जा आवेदन प्रक्रिया

थोक कर्जा लिन चाहने कृषि सहकारीहरुले नजिकको मुक्तिनाथ विकास बैंकको शाखामा गएर आवेदन दिन सक्छन्। आवेदन प्राप्त भएपछि बैंकले स्थलगत निरीक्षण गरी आवश्यक प्रकृया अगाडि बढाउँदछ ।



### कृषि उपकरण र पूर्वाधारमा लगानी

बैंकबाट प्रवाह भएको कर्जालाई सहकारी संस्थाहरुले सदस्यहरुलाई कृषि कर्जाका रुपमा उपलब्ध गराउनुका साथै सहकारी संस्था स्वयंले पनि कृषि क्षेत्रको लागि आवश्यक मेसिन तथा उपकरण खरिद गर्न सक्छन्। जस्तैः राइस मिल, कोल्ड च्याम्बर वा कोल्ड स्टोर, सवारी साधन, ट्र्याक्टर, कम्बाइन हार्भेष्टर, लगायतका कृषि उपकरणहरु।

कतिपय किसानहरु आफैंले महंगा उपकरण तथा पूर्वाधारमा लगानी गर्न सक्ने अवस्थामा हुँदैन। यस्ता किसानका लागि बैंकले उपकरण खरिदका लागि समेत कर्जा उपलब्ध गराउँदै आएको छ भने सहकारी संस्था मार्फत सामूहिक उपयोग पनि गर्न सक्दछन् ।

यसरी प्रवाह भएको कर्जा प्रत्यक्ष रुपमा उत्पादनशील क्षेत्रमा जान्छ। यस्ता प्रयासहरुले न्यून आय भएका नागरिकहरुमा वित्तीय पहुँच विस्तार गर्नुका साथै समग्र आर्थिक उत्थानमा योगदान पुऱ्याइरहेको छ।

यसलाई थप प्रभावकारी बनाउन बैंकले आफ्ना कर्मचारीहरुलाई तालिम प्रदान गर्ने कार्यहरु पनि निरन्तर गरिरहेको छ। मुक्तिनाथ विकास बैंकले सदैव उत्पादनमुखी क्षेत्रलाई प्राथमिकतामा राख्दै आएको छ, र यसका लागि सहकारी संस्थाहरुलाई सबैभन्दा उपयुक्त माध्यमको रुपमा लिंदै आएको छ। हालसम्म बैंकले १६९ वटा सहकारी संस्थालाई रु. १ अर्ब २९ करोड रुपैयाँभन्दा बढी थोक कर्जा प्रवाह गरिसकेको छ।







# मुक्तिनाथ आर्ट प्रतियोगिता
# बाल परिकल्पना: "२०५० मा मेरो नेपाल"

मुक्तिनाथ विकास बैंक २०औं वर्षमा प्रवेश गर्न लागेको अवसरमा भावी पुस्तासँगको सम्बन्धलाई अझ बलियो बनाउने उद्देश्यले विभिन्न विशेष कार्यक्रमहरु सञ्चालन गरेको छ। यही सन्दर्भमा बैंकले "मुक्तिनाथ चित्रकला प्रतियोगिता" सञ्चालन गरेको थियो। युवापुस्ताको सोच, दृष्टिकोण र सिर्जनात्मक क्षमतालाई बुझ्ने तथा प्रोत्साहन गर्ने उद्देश्यले यो चित्रकला प्रतियोगिताको आयोजना गरिएको थियो।

बैंकले विगतका दुई वर्षमा फरक फरक विधामा चित्रकला प्रतियोगिता सम्पन्न गरिसकेको छ। पहिलो वर्षको मुक्तिनाथ "आर्ट फर अर्थ" प्रतियोगिताको मुख्य विषय "Combating Climate Change and Global Warming" रहेको थियो भने यस वर्षको सार "My Nepal by 2050 (२०५० मा मेरो नेपाल)" भन्ने थियो । कक्षा ८ देखि १० सम्मका विद्यार्थीहरुका लागि आयोजना गरिएको यो प्रतियोगितामा नेपालभरका विद्यार्थीहरुको उत्साहजनक सहभागिता थियो।

नेपालभरका कुनै पनि विद्यालयमा कक्षा ८-१० मा अध्ययनरत विद्यार्थीहरुले यस प्रतियोगितामा सहभागिता जनाउन पाउने व्यवस्था गरिएको थियो। प्रतियोगिताको घोषणा बैंकले अग्रिम रुपमा गरेको थियो र सहभागीहरुले अनलाइन माध्यमबाट आफ्नो नाम दर्ता गर्नुपर्ने व्यवस्था थियो।

यस वर्षको प्रतियोगितामा बैंकका १५० वटा शाखामार्फत कार्यक्रम सञ्चालन गरियो, जहाँ विद्यार्थीहरुले शाखामै आएर चित्रको सिर्जना गरेर बुझाएका थिए। यसले प्रतियोगितालाई अझ समावेशी र पहुँचयोग्य बनायो। बैंकका ११ वटा क्षेत्र (Regions) बाट सहभागी हुन पाउने व्यवस्था राखिएको थियो।

यसै आधारमा प्रत्येक क्षेत्रबाट एक एक जना क्षेत्रीय विजेताका रुपमा चयन गरिएको थियो। बैंकले यसरी ११ वटै र सोही क्षेत्रीय विजेताहरु मध्ये १ जना राष्ट्रिय विजेताको घोषणा गरेको थियो । दश क्षेत्रीय विजेताहरुले जनही रु. १०,००० नगद पुरस्कार र राष्ट्रिय विजेताले रु. ५०,००० नगद पुरस्कार प्राप्त गरेका थिए।


प्रतियोगितामा विद्यार्थीहरुको उल्लेखनीय सहभागिताले बैंकलाई हौसला थपेको छ। अघिल्लो वर्ष करिब ४७६ सहभागी भएकोमा यस वर्ष बढेर ८५५ जना विद्यार्थीहरुले नाम दर्ता गरेका थिए भने प्रतियोगितामा ७९१ जनाको सक्रिय सहभागिता रहेको हो।

यो प्रतियोगिता केवल कलाको प्रतिस्पर्धा मात्र थिएन, नवयुवाले भविष्यको नेपाललाई कसरी हेर्छन् भन्ने कुराको मूल्याङ्कन गर्ने एउटा माध्यम थियो। चित्रकलामा सन् २०५० सम्मको नेपालप्रति विद्यार्थीहरुले आफ्नो दृष्टिकोणलाई जीवन्त रुपमा प्रस्तुत गरेका थिए।

मुक्तिनाथ विकास बैंकका लागि यो पहलले आँउदो पुस्तासँग भावनात्मक सम्बन्ध जोड्ने, बैंकप्रति सकारात्मक धारणा सिर्जना गर्ने र सिर्जनात्मकतालाई प्रोत्साहन गर्ने माध्यम खोलेको छ। भोलिको बैंकको ग्राहक आजका विद्यार्थी हुन् भन्ने सोचका साथ, बैंकले वित्तीय कारोबार भन्दा बाहिर पनि समाजसँग जोडिने फरक आयामहरु खोजिरहेको छ।

**"मुक्तिनाथ चित्रकला प्रतियोगिता"**
**कला, चेतना र भविष्यलाई जोड्ने एक प्रतिबद्धता।**







# Muktinath Agri Finance 360

कृषि क्षेत्रको प्रवर्द्धनको लागि मुक्तिनाथ विकास बैंकले समय समयमा नीतिगत बहस तथा पैरवी गरिरहेको छ। साना किसानहरुको वित्तीय पहुँच, कृषि बीमा, प्रविधि, र मूल्य शृङ्खला (Value Chain) मा जागरुक गराउँदै समग्र कृषि क्षेत्रको विकास र दिगोपनामा जोड दिन "मुक्तिनाथ एग्री फाइनान्स ३६०" को परिकल्पना गरिएको हो। कार्यक्रममा कृषि उद्यमशीलता बढाउन र साना किसानहरुलाई साना किसानबाट व्यावसायिक किसानमा कसरी स्तरोन्नति गर्न सकिन्छ भनेर सम्पूर्ण सरोकारवाला पक्षहरुलाई एउटै मञ्चमा राखेर बहस गरिएको थियो।

२०८२ पुस १८ गते सम्पन्न गरिएको यस कार्यक्रममा प्रमुख अतिथिको रुपमा कृषि तथा पशुपन्छी विकास मन्त्री माननीय डा. मदन परियार उपस्थित हुनु भएको थियो। त्यस्तै विशेष अतिथिको रुपमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डा. राजेन्द्र प्रसाद मिश्र हुनुहुन्थ्यो। कार्यक्रममा नेपाल सरकारको कृषि सम्बन्धी निकायहरु, नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक श्री रामु पौडेल, श्री विश्रुत थापा, प्रवक्ता श्री गुरु प्रसाद पौडेल तथा निर्देशकहरु, काठमाण्डौ स्थित क, ख, ग वर्गका बैंक तथा वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतहरु, सो संस्थाको कृषि लगानी प्रमुख, प्राध्यापकहरु, अनुसन्धानकर्ताहरु, विभिन्न विषयगत संघ/संस्थाहरु, गैर सरकारी संस्थाहरु, किसान तथा उद्यमीहरु, कृषि सहकारी र सञ्चार माध्यमका प्रतिनिधिहरु गरी करिब ३५० जनाको उल्लेखनीय उपस्थिति रहेको थियो ।

बैंकले विगत दुई दशकदेखि ग्रामीण अर्थतन्त्र सुदृढीकरण, वित्तीय समावेशीकरण र लघु उद्यम प्रवर्द्धनमा खेलेको सक्रिय भूमिकालाई अझ सशक्त बनाउने प्रतिबद्धतासहित आयोजना गरिएको यस कार्यक्रमले कृषि वित्तीय प्रणाली (Agri-Value Chain Ecosystem)लाई समग्र दृष्टिकोणबाट हेर्ने नयाँ बहसको सुरुवात गरेको छ।

कार्यक्रमका प्रमुख अतिथि, कृषि तथा पशुपन्छी विकास मन्त्री माननीय डा. मदन परियारले कृषि क्षेत्रको समग्र विस्तारका लागि राज्य, निजी क्षेत्र र वित्तीय संस्थाबीच सहकार्य अपरिहार्य रहेको उल्लेख गर्नुभयो। उहाँले कृषि लगानी विस्तार तथा कर्जा गुणस्तर सुदृढीकरणका लागि Credit Guarantee, वित्तीय साक्षरता, कृषि बीमा, मूल्य शृङ्खलामा समन्वय तथा सहकारी र निजी क्षेत्रसँगको साझेदारीलाई प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो। महिला मैत्री कृषि प्रणालीको विकास, प्रविधिसँग जोडिएको युवा लक्षित स्वरोजगार, साना किसानका लागि सहज वित्तीय पहुँच तथा स्तरोन्नतिको आवश्यकता औंल्याउँदै उहाँले नेपाल सरकारले चाँडै नयाँ कृषि नीति ल्याउने तयारी गरेको जानकारी दिनुभयो, जसले कृषि क्षेत्रका विविध समस्याहरु समाधान गर्न महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा व्यक्त गर्नुभएको थियो।

विशेष अतिथि, कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डा. राजेन्द्र प्रसाद मिश्रले विगतमा राज्यले कृषि मूल्य शृङ्खलामा प्रत्यक्ष भूमिका निर्वाह गरे पनि निजीकरण पश्चात् उक्त शृङ्खला विखण्डित भएको स्मरण गर्नुभयो। अब बैंक तथा वित्तीय संस्थाहरुले कृषि सम्बन्धी सहायक कम्पनी स्थापना गरी समग्र मूल्य शृङ्खला व्यवस्थापनमा अग्रसर हुनुपर्ने सुझाव दिनुभयो। साथै, कार्यान्वयनमा नेपाल राष्ट्र बैंकले आवश्यक नीतिगत सहजीकरण र समन्वय गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।



कार्यक्रममा Key Note Speaker का रुपमा बैंकिङ्ग विशेषज्ञ श्री अजय श्रेष्ठले "नेपालमा कृषि उद्यम लगानीको चुनौती र अवसरहरु" विषयमा तथ्यपरक प्रस्तुति दिनुभयो। उहाँले कृषि ऋणमा उच्च जोखिम, कमजोर कर्जा गुणस्तर, उत्पादनशीलतामा स्थिरता तथा मूल्य शृङ्खलामा संरचनागत कमजोरीलाई प्रमुख चुनौतीका रुपमा चिनाउनुभयो। यद्यपि, अन्तर्राष्ट्रिय तथ्याङ्कसँग तुलना गर्दा नेपालमा कृषि वृद्धिको प्रशस्त सम्भावना रहेको उहाँको निष्कर्ष थियो। डिजिटल वित्तीय सेवा, AI मा आधारित बैंकल्पिक Credit Scoring मोडेल, कृषि बीमा विस्तार, मूल्य शृङ्खला सुदृढीकरण तथा निजी क्षेत्रसँग सहकार्यलाई अवसरका रुपमा प्रस्तुत गर्दै उहाँले नवप्रवर्तनमुखी सोचको आवश्यकता औंल्याउनुभएको थियो।

सोही अवसरमा "How can Nepal thrive in Agri-MSME Lending?" शीर्षकमा प्यानल (Panel) छलफल आयोजना गरिएको थियो। बैंकिङ्ग विशेषज्ञ श्री भुवन दाहालको संयोजनमा सम्पन्न उक्त छलफलमा नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक श्री रामु पौडेल, कृषि विकास बैंक का प्रमुख कार्यकारी अधिकृत श्री गोविन्द गुरुङ्ग, नेपाल उद्योग वाणिज्य महासंघ अन्तर्गत कृषि उद्यम केन्द्रका अध्यक्ष श्री डि.वि. बस्नेत तथा कृषक एवं कृषि उद्यमी श्री विमला आचार्य दहाल सहभागी हुनुभएको थियो। छलफलले कर्जा जोखिम व्यवस्थापनमा नीतिगत परिमार्जन, कृषि लगानीलाई मूल्य शृङ्खलासँग जोड्ने रणनीति, प्रदेशस्तरमा भण्डारण र बजार सुनिश्चितता, महिला उद्यमी प्रोत्साहन, प्रविधिमैत्री कृषि प्रणाली, गुणस्तरीय बीउ, मल, सिँचाइ र यन्त्र उपकरणको सहज उपलब्धता तथा कृषि बीमाको व्यापकता जस्ता विषयहरु छलफलको निचोडको रुपमा आएको थियो।

बैंकका सञ्चालक समितिका अध्यक्ष श्री खिम प्रकाश मल्लको अध्यक्षतामा सञ्चालित उक्त कार्यक्रममा स्वागत् मन्तव्य सञ्चालक श्री उमेश कुमार आचार्यले राख्नुभएको थियो भने कार्यक्रमको सारसंक्षेप टिप्पणी प्रमुख कार्यकारी अधिकृत श्री प्रद्युमन पोखरेलले प्रस्तुत गर्नुभएको थियो। साथै, नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक श्री विश्रुत थापा तथा प्रवक्ता श्री गुरु प्रसाद पौडेलले आफ्नो धारणा राख्नु भएको थियो।

बैंकिङ्ग क्षेत्रमा पहिलो पटक आयोजना गरिएको यस प्रकारको समग्र कृषिसँग सम्बन्धित कार्यक्रमले कृषि क्षेत्रका सबै सरोकारवालाहरुलाई एउटै मञ्चमा ल्याई साझा दृष्टिकोण निर्माण गर्न सफल भएको छ। "Muktinath Agri Finance 360" कृषि रुपान्तरणको दिशामा अघि बढ्ने मार्गचित्रको रुपमा लिइएको छ। कार्यक्रममा विज्ञहरुले प्रस्तुत गर्नु भएका सुझाव तथा सबै पक्षका विचारलाई समेटेर प्रतिवेदन तयार पारिएको छ। यो प्रतिवेदन सरोकारवाला पक्षहरुका लागि नीति निर्माण तहमा एकदमै उपयोगी हुने विश्वास बैंकले लिइएको छ। आगामी दिनहरुमा पनि ग्रामीण समृद्धि, वित्तीय समावेशीकरण र दिगो कृषि उद्यम प्रवर्द्धनमा निरन्तर योगदान पुऱ्याउने बैंकको लक्ष्य छ।

प्रतिवेदन डाउनलोड गर्न
यो QR Scan गर्नुहोस् ।



# दिगो विकास लक्ष्यसँग हातेमालो गर्दै समाज रूपान्तरणको यात्रामा हाम्रो प्रतिबद्धता

मुक्तिनाथ विकास बैंकले संस्थागत सामाजिक उत्तरदायित्वलाई व्यवहारमै उतार्ने प्रयास गर्दै आइरहेको छ। वित्तीय सेवा मात्र नभई सामाजिक रुपान्तरणका विविध आयामलाई समेटेर अघि बढ्ने बैंकको अभियानमा शिक्षा, वित्तीय साक्षरता र जनचेतनामूलक कार्यक्रमहरुलाई केन्द्रमा राखेको छ। समाजसँगको सम्बन्धलाई दिगो र अर्थपूर्ण बनाउने उद्देश्यका साथ सञ्चालन गरिएका कार्यक्रमहरुले बैंकिङ संस्थाको भूमिका केवल आर्थिक कारोबारमा सीमित नरहेको सन्देश दिन्छ।

### शिक्षालाई प्रोत्साहन

शिक्षा सामाजिक रुपान्तरणको आधार हो भन्ने मान्यतालाई आत्मसात गर्दै बैंकले संस्थागत सामाजिक उत्तरदायित्व (CSR) अन्तर्गत विभिन्न स्थानका विद्यालयहरुमा शैक्षिक सामग्री वितरण, विद्यार्थीलाई आवश्यक सामाग्री उपलब्ध गराउने, र विद्यालय पोशाक (स्कुल ड्रेस) वितरण गर्ने जस्ता कार्यक्रमहरु सञ्चालन गरेको छ। यस्ता कार्यक्रम विद्यालय तहका विद्यार्थीमा आत्मविश्वास वृद्धि, विद्यालय उपस्थितिमा सुधार र अभिभावकमा सकारात्मक सन्देश प्रवाह गर्ने उद्देश्यले अघि बढाइएका छन्। दर्जनभन्दा बढी विद्यालयहरुमा यस प्रकारका सहयोगात्मक कार्यक्रम सम्पन्न भइसकेका छन्, जसले स्थानीय तहमा सकारात्मक प्रभाव पारिरहेको छ।

शैक्षिक सामग्री वितरण र पोशाक सहयोगले आर्थिक रुपमा कमजोर परिवारका विद्यार्थीलाई विद्यालयमा अध्ययन निरन्तरतामा सहयोग पुग्ने विश्वास बैंकको रहेको छ। शिक्षा प्रवर्धनलाई दीर्घकालीन लगानीको रुपमा लिइएकोले यी कार्यक्रमहरुलाई सुचारु राखिएको छ।





## वित्तीय साक्षरता

सामाजिक उत्तरदायित्वको अर्को महत्वपूर्ण पक्षका रुपमा बैंकले वित्तीय साक्षरता कार्यक्रमलाई प्राथमिकतामा राखेको छ। वित्तीय पहूँच बढ्दै जाँदा वित्तीय ज्ञानको आवश्यकता पनि समान रुपमा बढ्ने भएकाले बैंकले यस क्षेत्रमा विशेष ध्यान दिएको छ।

गएको वर्षसम्म एक दिन सञ्चालन हुँदै आएका वित्तीय साक्षरता कार्यक्रमहरु सहभागीको प्रतिक्रिया र आवश्यकतालाई मध्यनजर गर्दै यस वर्षदेखि दुईदिने बनाइएका छन्। दुई दिनसम्म सञ्चालन हुने यी कार्यक्रमहरुलाई अन्तरक्रियात्मक (Interactive) स्वरुपमा प्रस्तुत गरिन्छ, जहाँ सहभागीले प्रश्न-उत्तर, छलफल र अभ्यासमार्फत सिक्ने अवसर पाउँछन्।



कार्यक्रममा कृषक, युवा, महिला, र लघु तथा साना उद्यम सम्बन्धित व्यवसायीहरुको उल्लेखनीय सहभागिता रहेको छ। कृषि तथा साना-मझौला व्यवसायमा संलग्न व्यक्तिहरुलाई लक्षित गरी तयार पारिएको सामग्रीले व्यवहारिक वित्तीय निर्णय गर्न सहयोग पुर्‍याउने उद्देश्य राखिएको छ।

वित्तीय साक्षरता कार्यक्रम अन्तर्गत विभिन्न व्यवहारिक विषयहरु समेटिएका छन्। बचतको महत्व, ऋणको सही प्रयोग, कर प्रणाली, प्यान र भ्याट सम्बन्धी आधारभूत जानकारी, रेमिट्यान्सको सुरक्षित प्रयोग, तथा गुनासो व्यवस्थापन अधिकारी (Grievance Handling Officer) को भूमिका जस्ता विषयमा विस्तृत जानकारी प्रदान गरिन्छ।

डिजिटल बैंकिङ्को बढ्दो प्रयोगसँगै डिजिटल माध्यममा हुने ठगी, स्क्याम र जोखिमबारे पनि सचेतनामूलक जानकारी दिइन्छ। मोबाइल बैंकिङ्, डिजिटल भुक्तानी प्रणाली, र घर-कर्जा जस्ता वित्तीय सेवाहरुको अवधारणालाई सरल भाषामा व्याख्या गरिन्छ, ताकि सहभागीले बैंकिङ्ग प्रणालीलाई बुझेर प्रयोग गर्न सकून्।

कार्यक्रमको विशेषता भनेको यसलाई प्रचारमुखी नभई शैक्षिक स्वरुपमा प्रस्तुत गर्नु हो। बैंकका स्रोतहरुको प्रत्यक्ष प्रवर्द्धन नगरी, वित्तीय ज्ञान र पहूँच विस्तारलाई प्राथमिक उद्देश्य बनाइएको हुन्छ। यसले कार्यक्रमलाई निष्पक्ष र विश्वासयोग्य बनाएको छ।

वित्तीय साक्षरता कार्यक्रमहरु विभिन्न प्रदेशमा सञ्चालन गरिएका छन्। कोशी, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा कार्यक्रम सम्पन्न भइसकेका छन् भने मधेश र कर्णाली प्रदेशमा पनि सञ्चालन गर्ने योजना रहेको छ।

यी कार्यक्रमहरुको व्यवस्थापन सम्बन्धित शाखा कार्यालयहरुले नै गर्ने व्यवस्था छ। शाखाहरुले स्थानीय समूह, पेशागत समुदाय, उद्यमी समूह, कहिलेकाहीँ व्यक्तिगत सहभागिता, तथा विद्यार्थी समूहलाई समेत समेटेर कार्यक्रम सञ्चालन गर्छन्। स्थानीय आवश्यकताअनुसार लक्षित समूह छनोट गरिने भएकाले कार्यक्रमको प्रभावकारिता उच्च रहने गरेको छ। पुष २०८२ मसान्तसम्म बैंकले ८ वटा भन्दा धेरै ठाउँमा यस्तो कार्यक्रम सम्पन्न गरिसकेको छ र ३७० जना लाभान्वित भइसकेका छन् ।

सामाजिक उत्तरदायित्वलाई औपचारिक प्रतिवद्धताभन्दा माथि उठाएर व्यवहारमा लागू गर्ने अभ्यासले बैंकलाई समुदायसँग नजिक बनाएको छ। शिक्षा सहयोगदेखि वित्तीय साक्षरता र डिजिटल सचेतनासम्मका पहलहरुले वित्तीय संस्थाले सामाजिक विकासमा खेल्न सक्ने भूमिकालाई स्पष्ट देखाउँछन्।



### स्वास्थ्य क्षेत्रमा समर्पित पहल

स्वास्थ्य सेवा सधैं संवेदनशील र तत्काल आवश्यकताको क्षेत्र हो। यही मर्मलाई केन्द्रमा राख्दै बैंकले रक्तदान कार्यक्रमलाई विशेष प्राथमिकता दिँदै आएको छ। यस वर्षको पुस १९ गते एकै दिन देशका विभिन्न प्रदेशहरुमा एकसाथ सञ्चालन गरिएको वृहत रक्तदान कार्यक्रममा करिब ७५५ जनाले रक्तदान गरेका थिए, र सोही संख्या पिन्ट रगत संकलन गरिएको थियो ।

रक्तदान कार्यक्रम कोशी, मधेश, बागमती, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशका विभिन्न केन्द्रहरुमा सम्पन्न गरिएको थियो । कार्यक्रम नेपाल रेडक्रस सोसाइटीसँगको समन्वयमा सञ्चालन गरिएको थियो।

### संकटपछिको सहयोग

सामाजिक उत्तरदायित्वका कार्यक्रमहरु केवल नियमित अवस्थामा मात्र होइन, संकटपछिको पुन:स्थापनामा पनि अर्थपूर्ण हुन्छन्। Gen-Z आन्दोलनपछिको असहज परिस्थितिमा विभिन्न सरकारी तथा सार्वजनिक संस्थाहरुको सेवा प्रवाह प्रभावित भएको अवस्थालाई ध्यानमा राख्दै बैंकले आवश्यक सामग्री सहयोग अघि बढाएको थियो।

आन्दोलनपछिको क्षतिले सुरक्षा निकाय र सेवा कार्यालयहरुको कार्यसम्पादनमा समस्या देखिएपछि बैंकले प्रत्यक्ष रुपमा उपयोगी हुने सामग्री हस्तान्तरण गर्‍यो। प्रहरी सुरक्षालाई सुदृढ बनाउन महाराजगञ्ज प्रहरी वृत्तलाई २ थान मोटरसाइकल सहयोग गरिएको थियो ।



यस्तै, सेवा प्रवाह अवरुद्ध हुन नदिन मालपोत कार्यालयहरुमा कम्प्युटरहरु हस्तान्तरण गरिएको थियो । चितवन र कास्कीका मालपोत कार्यालयहरुमा १-१ थान कम्प्युटर उपलब्ध गराइयो, जसले रोकिएको सेवा क्रमश: पुन: सञ्चालनमा ल्याउन सहयोग पुग्यो। कास्कीमा प्रहरी इकाइलाई १ थान स्मार्ट टेलिभिजनसमेत प्रदान गरिएको थियो, जसले सूचना पहुँच र समन्वयमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।



देशका विभिन्न भौगोलिक क्षेत्रमा सहयोगका लागि अनुरोधहरु आउने गरेका छन्। ती अनुरोधहरुमध्ये बैंकले आवश्यकता, प्रभाव र जरुरी हेरेर प्राथमिकता निर्धारण गर्ने नीति अपनाएको छ। जहाँ वास्तविक आवश्यकता देखिन्छ र सीमित स्रोतबाट अधिकतम सामाजिक प्रभाव सिर्जना गर्न सकिन्छ, त्यस्ता क्षेत्रलाई प्राथमिकतामा राखेर सहयोग प्रदान गरिन्छ। यस प्रकृयाले सामाजिक उत्तरदायित्व कार्यक्रमलाई योजनाबद्ध, सन्तुलित र परिणाममुखी बनाएको छ। एउटै क्षेत्रमा अत्यधिक खर्च केन्द्रित नगरी, विभिन्न क्षेत्रमा आवश्यकताअनुसार सहयोग विस्तार गर्ने रणनीति अपनाएको छ।

### मानवसेवा आश्रममा सहयोग

२०८२ पुस १९ गते लुम्बिनी प्रदेशको बुटवल-रुपन्देहीमा अवस्थित मानव सेवा आश्रममा बैंकले न्यानो कपडा तथा ओढ्ने-ओछ्याउने सामग्री सहयोग गरेको थियो। आश्रममा विभिन्न सहयोगी मन भएका व्यक्तिहरुले जन्मदिन, स्मृति दिवस वा अन्य अवसरमा भोजन सहयोग गर्ने प्रचलन व्यापक भए पनि कपडा र ओछ्यान सामग्रीको अभाव देखिएपछि बैंकले सहयोग गरेको हो।

यो कार्यक्रम अन्तर्गत ३० थान न्यानो कपडा र २० थान ओढ्ने-ओछ्याउने सामग्री वितरण गरिएको थियो। यी सामग्री टिकाउ (Durable) प्रकृतिका भएकाले लामो समयसम्म प्रयोग गर्न सकिने र आश्रितहरुको दैनिक जीवनमा प्रत्यक्ष उपयोगी हुने अपेक्षा राखिएको छ। सहयोगलाई क्षणिक राहतभन्दा पनि स्थायी उपयोगितासँग जोड्न खोजिएको थियो।



### कृत्रिम अङ्ग वितरण

अन्तर्राष्ट्रिय स्तरमा स्थापित दिगो विकास लक्ष्य (SDGs) ले असमानता न्यूनीकरणलाई प्रमुख लक्ष्यका रुपमा राखेको छ। यही लक्ष्यको मर्म अनुरुप बैंकले फरक क्षमता (Differently Abled) भएका बालबालिकालाई लक्षित गरी कृत्रिम हात वितरण कार्यक्रम सञ्चालन गरेको थियो।

यस पहलमा Enable Nepal को सहकार्यमा पाँच थान 3D प्रविधिमा आधारित प्रोस्थेटिक हात बालबालिकालाई नि:शुल्क उपलब्ध गराइएको थियो। कार्यक्रम बागमती प्रदेशमा सम्पन्न भए पनि लाभग्राहीहरु भने विभिन्न जिल्लाबाट आएका थिए। कृत्रिम हातको प्रयोगले दैनिक क्रियाकलाप, पढाइ र आत्मनिर्भर जीवनतर्फ अघि बढ्न सहयोग पुग्ने विश्वास गरिएको छ।

### वातावरणीय सरसफाइमा साथ

सामाजिक उत्तरदायित्व केवल मानव सेवामा मात्र सीमित नभई वातावरणीय सचेतनासँग पनि जोडिएको छ। बागमती नदी सरसफाइ अभियानका लागि बैंकले गमबुट, मास्क, स्यानिटाइजर र हाते पंजा जस्ता सुरक्षात्मक सामग्रीहरु सहयोग गरेको थियो। पानीमा प्रयोग गर्न मिल्ने रबरका बुट र सुरक्षात्मक सामग्रीले सरसफाइमा संलग्न स्वयंसेवकहरुको सुरक्षा र कार्यसहजता दुवैमा सहयोग पुऱ्याएको छ।

### हुम्लामा सिलाइ मेसिन वितरण

कर्णाली क्षेत्रको विकट जिल्ला हुम्लाको अदानचुली गाउँपालिकामा बैंकले जीविकोपार्जन सहयोग कार्यक्रमअन्तर्गत ९ थान सिलाइ मेसिन वितरण गरेको थियो। उक्त क्षेत्रमा सिलाइ-बुनाइलाई मुख्य पेशाका रुपमा अंगालेको समुदाय ठूलो संख्यामा रहेकाले कार्यक्रमलाई सीधै आयआर्जनसँग जोडिएको सहयोगका रुपमा लिइएको छ।



लाभग्राही छनोट प्रक्रिया स्थानीय निकायको सिफारिस सूचीका आधारमा गरिएको थियो। वितरणपछि सामग्री दुरुपयोग वा पुन: बिक्री नहोस् भन्ने उद्देश्यले सम्बन्धित साझेदार संस्थामार्फत तीन महिनासम्म अनुगमन (Monitoring) गर्ने व्यवस्था समेत मिलाइएको छ। यसले सहयोगलाई उत्तरदायी र परिणाममुखी बनाउने छ।

### दृष्टिविहीन र शारीरिक अपाङ्गता भएका व्यक्तिका लागि सहारा

मधेश प्रदेशमा बैंकले दृष्टिविहीन तथा शारीरिक रुपमा अशक्त व्यक्तिहरुका लागि सहायक सामग्री वितरण गरेको थियो। कार्यक्रमअन्तर्गत Crutches (बैशाखी), Canes (सेतो छडी), Stick लगायतका सामाग्री हस्तान्तरण गरियो। यस प्रकारका सहयोगले हिँडडुल, आवतजावत र आत्मविश्वासमा प्रत्यक्ष प्रभाव पार्ने भएकाले यसलाई "Upliftment" उन्मुख सहयोगको रुपमा लिइएको छ।

# मुक्तिनाथ विकास बैंकको उत्कृष्ट छात्रवृत्ति अभियान

मुक्तिनाथ उत्कृष्ट छात्रवृत्ति

संस्थागत सामाजिक उत्तरदायित्वलाई विश्वव्यापी रूपमा महत्व दिएजस्तै बैंकले पनि आत्मसाथ गर्दै आएको छ । वित्तीय सेवा मात्रै होइन, सामाजिक रुपान्तरणको यात्रामा पनि उत्तिकै प्रतिबद्ध देखिएको बैंकले विगत वर्षहरूमा प्रभावकारी सावित भएको "मुक्तिनाथ उत्कृष्ट छात्रवृत्ति" कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिएको छ।

२०८२ साल माघ २ गतेदेखि २० गतेसम्म खुला गरिएको आवेदन आह्वानमा ६४ जना विद्यार्थीको आवेदन परेको छ। उक्त आवेदनहरु मध्ये ४२ जना विद्यार्थीहरुले छात्रवृत्ति प्राप्त गर्ने भएका छन् । सीमित स्रोत र चुनौतीपूर्ण परिस्थितिका बाबजुद उत्कृष्ट भविष्य देख्ने आँखाहरुका लागि यो अवसर उपयोगी छ।

बैंकले केही वर्षदेखि कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरुलाई "मुक्तिनाथ उत्कृष्ट छात्रवृत्ति" अन्तर्गत सहयोग प्रदान गर्दै आएको छ। यस वर्ष काठमाडौं उपत्यका र महानगरपालिका बाहेक अन्य स्थानीय तहमा रहेका शाखामार्फत, सम्बन्धित शाखा अवस्थित उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाका स्थायी बासिन्दा न्यून आय, विपन्न तथा पिछडिएका परिवारका विद्यार्थीहरुमध्येबाट एस.ई.ई. उत्तीर्ण गरी कक्षा ११ मा अध्ययन गर्ने १/१ जनालाई छात्रवृत्ति प्रदान गर्ने व्यवस्था गरिएको छ।

**पारदर्शी प्रक्रिया, लक्षित समुदाय**

विद्यार्थीहरुले आफ्नै स्थानीय तहमा सञ्चालित बैंक शाखामा आवेदन दिनुपर्ने प्रावधान राखिएको थियो। आवेदक सम्बन्धित शाखा रहेको स्थानकै स्थायी बासिन्दा हुनुपर्ने, न्यून आय तथा विपन्न परिवारबाट आएको हुनुपर्ने, र आफ्नै जिल्लाभित्र रहेको कुनै उच्च माध्यमिक शैक्षिक संस्थामा अध्ययनरत हुनुपर्ने व्यवस्था गरिएको छ। विषय वा संकायको कुनै सीमा नराखी सबैलाई समान अवसर दिइएको छ।

शैक्षिक संस्थाबाट भर्ना वा अध्ययनरत रहेको सिफारिस अनिवार्य गरिएको थियो। आवेदनसँगै फोटो, एस.ई.ई. मार्कसिट, चारित्रिक प्रमाणपत्र तथा अभिभावकको नागरिकताको प्रतिलिपि पेश गर्नुपर्ने व्यवस्था थियो।

तोकिएको संख्या भन्दा बढी आवेदन परेको खण्डमा सबैभन्दा गरिब तथा विपन्न परिवारका विद्यार्थीलाई प्राथमिकतामा राख्दै बैंकका शाखा प्रबन्धकले स्थानीय तहसँग समन्वय गरी छनौट गर्ने प्रबन्ध मिलाइएको छ। आवश्यक परे परिवारका सदस्यसँग अन्तर्वार्ता समेत लिने व्यवस्था गरिएको छ।

यस छात्रवृत्तिमा शैक्षिक संस्थामा लाग्ने शुल्क तथा शैक्षिक सामग्रीको खर्च समेटेर प्रति विद्यार्थी अधिकतम रु १५,००० सम्म प्रदान गरिन्छ । छात्रवृत्ति भर्ना भएको मितिदेखि लागू हुन्छ र अन्य कुनै छात्रवृत्ति नलिएका विद्यार्थी मात्र यसका लागि योग्य मानिन्छन्।

हाल बैंकका १२२ शाखाहरु यो कार्यक्रम सञ्चालन गर्न योग्य अवस्थामा छन्। तर छात्रवृत्तिको छनोट भने बैंकको शाखामा परेको आवेदनमा निर्भर रहेको छ । बैंकले विशेष गरी सामुदायिक तथा सरकारी विद्यालयका विद्यार्थीहरुलाई अझै प्राथमिकतामा राखेको छ । ग्रामीण क्षेत्रका विपन्न तथा गरिब विद्यार्थीहरुको उच्च शिक्षामा पहुँच बढाउने उद्देश्यले सञ्चालित यो अभियानलाई अझ प्रभावकारी बनाउँदै लैजाने लक्ष्य बैंकले लिएको छ।

आर्थिक अभावले शिक्षा रोकिनु हुँदैन भन्ने विश्वासका साथ अघि बढेको यो पहल केवल छात्रवृत्ति कार्यक्रम मात्र होइन यो ग्रामीण प्रतिभालाई अवसरसँग जोड्ने सेतु हो। जब कुनै विद्यार्थी आर्थिक चिन्ताबाट मुक्त भएर कक्षाकोठामा आत्मविश्वासका साथ बस्छ, त्यतिबेला एउटा परिवारको मात्र होइन, सिंगो समुदायको भविष्य उज्यालो हुन्छ। "शिक्षामा लगानी भनेको भविष्यमा लगानी" भन्ने मान्यतालाई आत्मसात गर्दै, मुक्तिनाथ विकास बैंकले समाज रुपान्तरणको यात्रामा यस अभियानलाई थप एक सशक्त पाइला मानेको छ।



## GLIMPSES OF

# BANK'S ANNIVERSARY

STEPPING INTO 20

– YEARS OF CONTINUOUS SERVICE –





# EMPOWERING WOMEN, LEADING CHANGE

## Leadership in Muktinath

**Binju Dahal**
Branch Manager
Main Branch
Lazimpat, Kathmandu

# गरिमा, शक्ति र बैंकिङ्ग उत्कृष्टताको यात्रा



**बैंकिङ्ग पेशाको कुन पक्षले तपाईंलाई सबैभन्दा धेरै प्रेरित गर्‍यो?**

हरेक सफल बैंकरको पछाडि अनुशासन र सुनाउन योग्य एउटा प्रेरणादायी कहानी पनि हुन्छ। मेरो लागि बैंकिङ्ग कहिल्यै केवल एउटा जागिर मात्र थिएन, यो एउटा आह्वान थियो। सहकर्मीहरुप्रतिको प्रशंसा, अझ अगाडि बढ्ने महत्वाकांक्षा, सम्पूर्ण बैंकिङ्ग उद्योगलाई सफल र विश्वासयोग्य बनाउने चाहना र एक व्यक्तिले उद्योगमा कस्तो परिवर्तन ल्याउन सक्छ भन्ने गहिरो इच्छाले मेरो यात्रा अगाडि बढेको हो।

मलाई बैंकिङ्ग क्षेत्रमा आकर्षित गर्ने पहिलो कुरा यसको सार थियो– व्यावसायिकता, शिष्टता, गरिमा र जिम्मेवारी। बैंकर्सहरुले आफूलाई आत्मविश्वास, मर्यादा र अनुशासनका साथ प्रस्तुत गर्ने तरिकाले ममाथि गहिरो प्रभाव पारेको थियो। औपचारिक पोशाक, व्यवस्थित कार्य वातावरण र यस पेशासँग जोडिएको सम्मानले मलाई निकै प्रेरित गर्‍यो।

बाहिरी चमकभन्दा पनि मलाई अझ ठूलो कुराले प्रेरित गर्‍यो– मानिसहरुलाई आर्थिक रुपमा मार्गदर्शन गर्ने अवसर, विश्वास निर्माण गर्ने जिम्मेवारी र कसैको सफलताको यात्रामा सहयात्री बन्ने मौका। मेरो लागि बैंकिङ्ग केवल पैसाको कारोबार होइन, यो सम्बन्ध र जिम्मेवारीको विषय हो।

**बैंकिङ्ग क्षेत्र परम्परागत रुपमा पुरुषप्रधान मानिन्छ । यस्तो वातावरणमा नेतृत्व गर्न कस्तो अनुभव रह्यो?**

परम्परागत रुपमा पुरुषप्रधान क्षेत्रमा काम गर्नु चुनौतीरहित हुँदैन। तर म कहिल्यै डराइनँ, न त प्रक्रियाबाट पछि हटेँ। बरु ज्ञान र आत्मविश्वासका साथ नेतृत्व गर्ने प्रयास गरेँ।

म पुरुषप्रधान वातावरणलाई अभिशाप होइन, उत्कृष्टतामार्फत आफूलाई प्रमाणित गर्ने अवसरका रुपमा हेर्छु। मेरो विश्वासमा नेतृत्व भनेको आवाज ठूलो बनाउनु होइन, मापदण्ड उच्च बनाउनु हो। यही सोचले मलाई अघि बढ्न मद्दत गरेको छ।

**तपाईंको बैंकिङ्ग यात्रामा सबैभन्दा महत्वपूर्ण उपलब्धि के हो?**

प्रमोशन, सम्मान र अन्य उपलब्धिहरु भए पनि मैले सधैं सबैभन्दा महत्वपूर्ण मानेको उपलब्धि भनेको आफ्ना ग्राहकहरुको सफलता हो।

सानो उद्यमीलाई सफल व्यवसायी बनेको देख्नु, परिवारहरुले आर्थिक स्थायित्व प्राप्त गरेको देख्नु, वा परम्परागत व्यवसायहरु सही आर्थिक मार्गदर्शनले फस्टाएको देख्नु–यी क्षणहरुले मलाई सबैभन्दा गहिरो गर्वको अनुभूति गराउँछन्।

**नेतृत्वको जिम्मेवारी र व्यक्तिगत जीवनबीच सन्तुलन कसरी कायम गर्नुहुन्छ?**

कठिन नेतृत्व भूमिकासँग व्यक्तिगत जीवन सन्तुलन गर्नु अनुशासन र स्पष्टताको विषय हो। म सीमाहरु निर्धारण गर्ने, समयको बुद्धिमत्तापूर्वक व्यवस्थापन गर्ने र योजनाबद्ध तालिकाअनुसार काम गर्नेमा विश्वास गर्छु। जहाँ म उपस्थित हुन्छु, त्यहाँ आफ्नो शतप्रतिशत दिन्छु। कामले ध्यान र जिम्मेवारी माग्छ भने परिवारले शक्ति र आधार प्रदान गर्छ। त्यसैले म दुवैलाई समान महत्वका साथ सम्हाल्ने प्रयास गर्छु। परिवारले बोलाउँदा म त्यहाँ उपस्थित हुन्छु, र कामले माग गर्दा पनि पूर्ण रुपमा समर्पित रहन्छु।


**बैंकिङ्ग क्षेत्रमा प्रवेश गर्न चाहने युवतीहरुलाई तपाईं के सन्देश दिन चाहनुहुन्छ?**

मेरो सन्देश सरल छ–आफ्नो क्षमतामा विश्वास गर्नुहोस्। सिक्न सधैं तयार रहनुहोस्, आत्मविश्वासका साथ आफूलाई प्रस्तुत गर्नुहोस् र शंकालाई कहिल्यै आफ्नो सम्भावनाको सीमाना बन्न नदिनुहोस्। चुनौतीहरु अवश्य आउनेछन्, तर सहनशीलता र इमानदारीले सधैं ढोका खोल्छन्। टेबलमा बस्ने स्थान माग्नु पर्दैन–यस्तो बन्नुहोस् कि तपाईंको उपस्थितिबिना त्यो टेबल नै अगाडि बढ्न नसकोस्।

मुक्तिनाथ विकास बैंक
MUKTINATH BIKAS BANK
"जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ"

# Simplify your life Digitally with FAIDA APP

*शर्तहरु लागू हुनेछन्




MUKTINATH फाइदा APP
मोबाइल एक, फाइदा अनेक...